नेपाल सरकार
गृह मन्त्रालय

अध्यागमन विभाग

(प्रशासन शाखा)

फोन : ४४२९६५९, ४४२९६६०, ४४३३९३४, ४४३८८६२, ४४३८८६८
फ्याक्स : ४४३३९३५

कालिकास्थान, काठमाण्डौं
Website : www.immigration.gov..np
E-mail : info@immigration.gov.np
mail22doi@gmail.com

पत्र संख्या : २०८२/८३
चलानी नं.

प्रेस विज्ञप्ति

विदेशी नागरिकहरूले १३ जिल्लाका तोकिएका निषेधित क्षेत्रमा पदयात्रा गर्न अध्यागमन विभागबाट अनिवार्य रूपमा पदयात्रा अनुमति लिनुपर्ने व्यवस्था छ। तोकिएका निषेधित क्षेत्रमा समूहगत रूपमा ट्रेकिङ एजेन्सीमार्फत जाने विदेशी पदयात्रीलाई पदयात्रा अनुमति जारी गर्ने सेवालाई झन्झटमुक्त, छिटो, छरितो, सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउन पदयात्रा अनुमति सम्बन्धी सबै कार्य अनलाइन प्रणालीमार्फत भइरहेको छ। पदयात्रामा जाने विदेशी नागरिकले नेपालको स्वीकृत भिसा नम्बर राख्नुपर्ने प्रणालीलाई पुनरावलोकन गरी भिसा आवेदन नम्बरको आधारमा पनि पदयात्रा अनुमतिको लागि आवेदन दिन सकिने व्यवस्था मिलाइएको छ। साथै, एक जना पदयात्रीलाई पनि पदयात्रा अनुमति प्रदान गरिँदै आएको छ।

मिति २०८२ चैत्र २२ गते नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार सरकारी कार्यालय तथा सार्वजनिक निकायहरूमा शनिबार र आइतबार दुई दिन विदा दिने निर्णय भएको व्यहोरा विदितै छ। उक्त विदाको दिनमा पनि पदयात्रा अनुमतिको लागि यस विभागमा आवेदन प्राप्त हुने गरेको छ। सम्बन्धित ट्रेकिङ एजेन्सी र पदयात्रामा जान चाहने पर्यटकहरूको सहजता तथा निषेधित क्षेत्रमा पदयात्रा अनुमति प्रदान गर्ने कार्यलाई सरल, अनुमानयोग्य र छरितो बनाउँदै संस्थागत सुशासन कायम गर्ने उद्देश्यले यस विभागले पदयात्रा अनुमति प्रदान गर्ने कार्यलाई शनिबार बाहेकका सार्वजनिक बिदाको दिनमा २ घण्टा (बिहान ११:०० बजेदेखि दिउँसो १:०० बजेसम्म मात्र) सञ्चालन गर्ने गरी मिति २०८३ वैशाख २३ गते निर्णय गरेको छ।

पदयात्रा अनुमति सम्बन्धी सम्पूर्ण कार्य अनलाइन माध्यमबाट हुने भएकाले सेवाग्राहीहरु यस विभागमा उपस्थित हुनुपर्ने अवस्था छैन। पदयात्रा अनुमतिको लागि आवश्यक कागजात वा अन्य प्राविधिक समस्या भएमा सहजीकरणका लागि छुट्टै सम्पर्क नम्बर +९७७ ९७६१४२३६३६ मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ।

यसै सिलसिलामा केही ट्रेकिङ एजेन्सीहरूले पदयात्री रेस्क्युको बहानामा जुनसुकै बेला पनि फोन गरी कर्मचारीलाई दबाब दिने, अनुमति नलिई नै पदयात्रामा लैजाने र स्थानीय प्रशासनले पहिचान गरेपश्चात् मात्र अनुमतिको लागि आवेदन दिने गरेको पाइएको छ। यसबाट निर्दोष पदयात्रीहरू समेत कारबाहीमा पर्ने सम्भावना हुन्छ। साथै, नेपालको पर्यटन प्रवर्द्धनका लागि गरिएका प्रयास र अन्तर्राष्ट्रिय छविमा समेत नकारात्मक असर पारिरहेको छ। तसर्थः पदयात्रा अनुमति लिएर मात्र विदेशीहरुलाई पदयात्रामा लैजान विभागले पुनः अनुरोध गर्दछ। आगामी दिनमा यस प्रकारका गैरकानुनी गतिबिधि भए/गरेको पाइएमा विद्यमान अध्यागमन कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत सम्बद्ध सबैमा जानकारी गराइन्छ।

मितिः २०८३।०१।२३
नेपाल सम्वत्: ११४६

नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभाग २०४६

(टीकाराम ढकाल)
निर्देशक/प्रवक्ता